# पाणिनी पत्रकार समाज, नेपाल

## Panini Journalists Society (PJS)

विधान-२०७९

प्रस्तावना:-

पत्रकारिता भन्नाले सत्य, तथ्य घट्नाहरूमा आधारित रहि सञ्चार माध्यमबाट आम नागरिकलाई जानकारी गराउनु नै पत्रकारिता हो । आजको युग विज्ञानको युग हो । विश्वमा घटेका हरेक घट्नाको जानकारी र विवरण तुरुन्तै विश्वको सबै कुनामा पुग्छन । पत्रकारिता राज्यको चौथो महत्वपुर्ण अङ्ग हो । राष्ट्रको सञ्चार नीति र स्रोत बाँडफाँट योजनाको उचित संयन्त्रको अभावमा पत्रकारिता शिक्षा हासिल गरेको जनशक्तिलाई प्रयोग गर्न सकिएको छैन । यसै सन्दर्भमा पाणिनी गाउँपालिकाको बिकास र समृद्धीमा हातेमालो संगै घटेका, लुकाउन खोजिएका घटनाको उजागर गर्नको निम्ती पत्रकारहरुको एकता अबश्यक रहेको हुदा यो संस्थाको लागि बिधान तयार गरी संस्था दर्ता गर्न बान्च्छनीय ठानीएकोले यो बिधान तर्जुमा गरीएको हो ।

परिच्छेद-१

प्रारम्भिक

१)**संस्थाको नाम:** यस संस्थाको नाम **पाणिनी पत्रकार समाज** रहनेछ । अंग्रेजीमा Panini Journalists Society रहनेछ । छोटकरीमा नेपालीमापाप्रेस र अंग्रेजी **PJS** रहनेछ ।

क) **संस्थाको कार्यालय रहने स्थान:**पाणिनी गाउँपालिका वडा नं. ७ ~~[illegible]~~ अर्घाखाँचीमा रहने छ ।

ख) **संस्थाको कार्यक्षेत्र:** यस **पाणिनी पत्रकार समाज** संस्थाको कार्यक्षेत्र अर्घाखाँची जिल्लाभर हुनेछ । साथै स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लामा पनि कार्यक्षेत्र बिस्तार गर्न सकिने छ ।

ग) **प्रारम्भ:** यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) **संस्थाको अस्तित्व:** यो संस्था अविच्छिन्न उत्तराधिकारवाला, संगठित स्वशासित, गैर राजनैतिक बिरुद्ध पत्रबारीतामा आधारित मुनाफा रहित तथा गैर सरकारी संस्था हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

क) **विधान** भन्नाले **पाणिनी पत्रकार समाज** को विधान २०७९ लाई जनाउँदछ ।

ख) **संस्था** भन्नाले **पाणिनी पत्रकार समाज** लाई बुझाउनेछ ।

ग) **समिति** भन्नाले विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ) **सभा** भन्नाले यसै विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई जनाउँदछ ।
ङ) **पदाधिकारी** भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्भनु पर्दछ ।
च) **नियम, विनियम** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउनेछ ।
छ) **तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस विधान र यस विधान अन्तर्गत बनेको नियम, विनियममा तोकिएको बमोजिम सम्भनु पर्नेछ ।
ट)**सदस्य**भन्नाले : विधानको दफा ६ बमोजिम सदस्यता प्राप्त व्यक्तिलाई जनाँउछ ।
ढ) **विशेष साधारणसभा** भन्नाले : विधानको दफा ११(ख) बमोजिम हुने सभालाई जनाउँछ ।

**३. संस्थाको छाप र चिन्ह :**

प्रचलित व्यवस्थाको प्रतिकूल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि १बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद-२
## उद्देश्य

**४.संस्थाको उद्देश्यः** यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :
क) यो संस्था मुनाफा रहित तथा गैर सरकारी संस्था हुनेछ ।
ख) पत्रकारीता गर्ने ब्याक्तिहरुको साझा संस्थाको रुपमा समाजमा रहेका/घटेका घटनाको अध्यायन गर्ने, सामाजिक कुसस्कार बिरुद्ध जनचेतना जगाउने ।
ग)समाजिक सेवा सम्वद्ध निकायहरुसंगको समन्वय र सहकार्यबाट नेपालको समाजिक क्षेत्र विकासको भूमिकालाई सशक्त बनाउने छ ।
घ)समाजमा बिभिन्न क्षेत्रमा पछाडि परेकाहरुलाई उकास्न पहल गर्ने ।
ङ) आर्थिक अभावका कारण जोखिममा परेकाहरुलाई आर्थिक सहयोग गर्ने ।
च)समाजमा जातजाति भाषाभाषी र लिङ्गको आधारमा पछाडि परेकाहरुलाई चेतनामुलक कार्यक्रम गरिने छ ।
छ) आश्यकताको आधारमा रेडियो, टेलिभिजन, अनलाईन छापा, विद्युतिय वा अनलाईन सञ्चारमाध्यम ल्याउनका लागि मिडिया सञ्चालन गर्ने ।

**५. संस्थाको उद्देश्य प्राप्तीका लागि गरिने कार्यहरुः**

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :
क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी उल्लेखित उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थाले आवश्यक पर्ने कर्मचारी नियुक्ती गर्न र तिनको सेवा शर्तहरु निर्धारण गर्नेछ।
ग) संस्थामा प्राप्त आय व्यय वितरण बैंकिङ्ग प्रणालीबाट गरिने छ।
घ) समाजिक संस्थाको सरकारको नीति कार्यक्रम योजना, आयोजना र ती कार्यक्रमको प्रभाव र परिणामको विषयमा नागरिक तहमा छलफल, बहस, सम्वाद र अन्तरक्रिया गर्नेछ।
ङ) समाजसेवा, नैतिक शिक्षा जस्ता चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ।
च) निजी क्षेत्र, सामुदायिक, सहकारी, सरकारी, गैर सरकारी निकायहरुसंग सहकार्य समन्वयबाट समाजिकि सेवामा गतिविधीलाई अगाडी बढाईने छ।
छ) संस्थालाई आवस्यक पर्ने जग्गा खरिद, भवन निर्माण वा भाडा वा लिजमा लिनेछ, र कार्यालय संचालनको लागि चाहिने स्टेशनरी सामान, टेलिफोन, कम्प्यूटर, फ्याक्स, इमेल इन्टरनेट, सवारी साधन खरिद वा भाडामा लिइ प्रयोग गर्न सक्ने छ।
ज) एम्बुलेन्स सञ्चालन लगायत अन्य सामाजिक कार्यहरु गर्ने।
झ) विधागत संघ संस्थासंग सहकार्य तथा एकता गर्दै संस्थालाई अघि बढाइनेछ।
ञ) संस्थाले समाजमा घटेका र लुकाउन खोजिएका समाचारलाई छापा, विद्युतिय वा अनलाईन सञ्चारमाध्यम ल्याउनका लागि मिडिया सञ्चालन गर्नेछ।
ट) समाजसेवाक्षेत्रमा सरकारी, गैर–सरकारी तथा अन्तराष्ट्रिय निकायसँग साझेदारीमा प्रवर्द्धनात्मक काम गर्ने।

## परिच्छेद- ३
## सदस्यता

**६. सदस्यहरुको वर्गीकरण:**
यस संस्थाको देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएकोछ।
**क) साधारण सदस्य:**
विधानको दफा ७ बमोजिम योग्यता पुगेका कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन्।
**ख) संस्थापक सदस्य :**
यस संस्था दर्ता हुँदाको वखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनुपर्नेछ।
**ग) आजीवन सदस्य:**
संस्थाको विकासका लागि विशेष योगदान पुर्‍याउने समाजसेवीलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ। त्यसका लागि विनियम बनाइनेछ।

**घ) मानार्थ सदस्य:**संस्थाले उपयुक्त ठहर गरेको उच्च सम्मानिक वरिष्ठ व्यक्ति वा समाजिक क्षेत्रमा क्रियाशिल नेपाली नागरिकलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यहरुको मताधिकार हुनेछैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:**

सदस्यताको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) पत्रकारीता क्षेत्रमा क्रियाशिल व्यक्ती हुनुपर्नेछ ।

ख) पत्रकारीता पेशमा रुची राख्ने, र पत्रकारीता मार्फत समाजमा रहेका बिकृति र बिशंगतीप्रति आवाज उठाउन सक्ने हुनु पर्नेछ ।

ग) विधानको उपनियम बमोजिम आवश्यक कागजात पेश गरेको हुनु पर्नेछ ।

घ) मानसिक सन्तुलन नगुमाएको ।

ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

च) नैतिक पतन देखिने फौजदारी तथा भ्रष्टाचारको अभियोगमा सजाय नपाएको हुनुपर्नेछ ।

छ) १६ वर्ष उमेर पुरा गरी नेपाली नागरीकता प्राप्त गरेको हुनुपर्ने छ ।

**८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:**

देहायको अवस्थामा कुनै पनि व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछैन ।

क) गैह्र नेपाली नागरिक र १६ वर्ष उमेर पुरा नगरेको ।

ख) सदस्यता शुल्क बझाउन बाकी भएको

ग) मगज विग्रेको वा मानसिक सन्तुलन गुमाएको व्यक्ति ।

घ) नैतिक पतन देखिने फौजदारी वा भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

च) साहुको दामासाहिमा परेको ।

छ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल, अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई भुक्तान भएको एक वर्ष भित्र ।

**९. सदस्यताको समाप्ति:**

१. देहायको अवस्थामा कुनै ब्यक्ति संस्थाको सदस्यमा बहाल रहनेछैन :

क) यस विधानको दफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५% सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित भएमा ।

ग) सदस्यले दिएको लिखित राजीनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कार्वाहीमा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) विधान बमोजिम गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।
च) सदस्यता शुल्क बभाउन बाँकी भएमा ।
छ) संस्था विघटन भई खारेज भएमा ।

२. कुनै व्यक्तिलाई संस्थाको नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सवुद पेश गर्ने मौका दिनुपर्ने छ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि:**
यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**अ) साधारण सदस्य:**
**क**) समाजसेवामा लाग्ने जोकोही नागरिकले नयाँ सदस्यता आह्वान भएको मिति समयमा प्रवेश शु.ल्क वापत रु.१००।- र वार्षिक नविकरण शुल्क वापत रु.१५०।- गरी जम्मा रु.२५०।- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन दिएमा कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गरिने छ ।

**ख**)साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्षको आषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ, सो समयभित्र नविकरण नगर्ने सदस्यले थप १०% शुल्क बुझाई आश्विन मसान्तसम्ममा नविकरण गर्नु पर्नेछ । सो समयसम्म पनि नविकरण नगर्ने सदस्यको साधारण सदस्यता समाप्त भएको मानिनेछ ।

**आ) संस्थापाक सदस्य :**
**क**. यो संस्था दर्ता हुँदा बखतको तदर्थ समितिकापदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।
**ख**. संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्यता वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**इ) आजिवन सदस्य**
संस्थाको विकासको लागि विशेष योगदान पु्र्याउने समाजसेवीलाई तोकिएको प्रकृया अन्तरगत रु २,०००।- लिइ आजिवन सदस्यता प्रदान गरिनेछ ।

**ई) मानार्थ सदस्य:**
**क**) साधारण सभाको निर्णयले उपयुक्त ठानेको बरिष्ठ समाजसेवी व्यक्तित्वलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । तर मानार्थ सदस्यको मताधिकार हुनेछैन ।
उ) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारणसहितको जानकारी आवेदकलाई जानकारी दिईनेछ ।

ऊ) सबै सदस्यहरुले यस संस्थाको विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।
ए) संस्थाले प्रदान गरेको उपदफा अ, आ, इ, ई अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका राखिनेछ ।

नुमलाल पन्थी
प्रशासकीय अधिकृत

## परिच्छेद- ४

## साधारण सभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारण सभाको गठन

१. यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु भएको एक साधारण सभा गठन हुने छ । यसमा मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।
२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

**क) वार्षिक साधारण सभा :**
वर्षको एक पटक कार्यसमितिले तोकेको मिति स्थान र समयमा वार्षिक साधारण सभा बस्नेछ ।

**ख) विशेष साधारण सभा :**
२. यस संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौँथाई) सदस्यहरुले कारण खुलाई विशेष साधारण सभाले माग गरेमा, कार्यसमितिले कम्तीमा सात दिनभित्र अनिवार्य रुपमा विशेष साधारण सभा बोलाउनुपर्नेछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महीना भित्र पुन: वशेष साधारण सभा बस्न भने पाउने छैन् ।
३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व.समाप्त भएको मितिले दुई महीना भित्रमा गरिने छ र त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको दुई महीना भित्र गरिनेछ ।
४. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्न कम्तीमा सात दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यहरुलाई अनिवार्य रुपमा सूचना दिईनेछ ।
५. उप-दफा ४ बमोजिम बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुन: साधारण सभाको बैठक बोलाईनेछ ।
६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

## १२. साधारण सभाको काम कर्तव्य र अधिकार :

१. कार्यसमितिले पेश गरेको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल गरि स्वीकृत गर्ने तथा योजना, वार्षिक कार्यक्रमहरु र बजेट पारित गर्ने ।

२. लेखा परिक्षकबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।

३. आगामी वर्षको लागि लेखापरिक्षकको नियुक्त गर्ने ।

४. संस्थाको वार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

५. संस्थाको कार्यसमितिको पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अर्न्तगत रही निर्वाचन गर्ने ।

६. कार्यसमितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

७. मानार्थ सदस्यता प्रदान गर्ने ।

८. कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

९. संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

## १३. कार्यसमिति गठन

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने९ सदस्यीय कार्यसमिति गठन गरिनेछ ।

अध्यक्ष : १
उपाध्यक्ष : १
महासचिव : १
सचिव : १
सहसचिव: १
कोषाध्यक्ष : १
सदस्यहरु : ३
जम्मा ९जना

२. कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको मनोनयन समितिद्वारा गर्न सकिनेछ ।



नुमलाल पन्थी
प्रशासकीय अधिकृत

यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो सो सदस्य बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्धारा पदपुर्ति गरिनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्यसमितिका पदाधिकारीको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनुपर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरुको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै कार्यसमितिको बैठक बस्ने छैन् ।

६. कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेको बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्यसमिति बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निणार्यक मत दिन सक्नेछ ।

८. कार्यसमिति बैठकमा छलफल भएका विषयहरुको छुट्टै निर्णय कितावमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ । तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

९. संस्थाले गर्नुपर्ने सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिने छ ।

११. कार्यसमितिको बैठक सामान्तया दुई महीनामा एक पटक बस्नेछ ।

**१४. कार्यसमितिको काम कर्तव्य र अधिकार**

क) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने

ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने

ग) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने

घ) साधारण सभा प्रति उत्तरदायि रहने ।

ङ) संस्थाको उद्द्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने

च) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने , स्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने



झुमलाल पन्थी
प्रशासकीय अधिकृत

छ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने

ज) संस्थाका कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने

झ) संस्थाको उद्देश्य परिपुर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने

ञ) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने

ट) सामाजिक सेवालाई प्रवर्द्धनको लागि सामाजसेवा सम्बद्ध निकायहरुसंग समन्वय र सहकार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ठ) सामाजिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय तथा संघ संस्थासंग सम्बन्ध बिस्तारका लागि कार्य गर्ने ।

**१४. पद त्याग गर्न सक्ने :**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

**१६. अन्य समितिहरु :**

क. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमिति गठन गर्न सक्नेछ तर सो साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनुपर्नेछ ।

२. उपसमितिका कार्यहरु कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार

**१७. पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार**

कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम र कर्तब्य र अधिकार**



नुमलाल पन्थी
प्रशासकीय अधिकृत

क) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
ख) समिति र सभाको बैठकको अध्यक्षता गर्ने तथा बैठक सञ्चालन गर्ने ।
ग) निर्णायक मत दिने ।
घ) संस्थाको नेतृत्व गर्ने ।
ङ) साधारण सभाबाट पारित निर्णयलाई कार्यान्वयन गर्ने गराउने ।
च) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।
छ) संस्थाको नगदी वा जिन्सी सम्पूर्ण कुरामा कार्यकारी समितिलाई बेलाबेलामा आवश्यक जानकारी लिने दिने ।
ज) संस्थाको वार्षिक कार्यक्रम र प्रगति विवरण साधारण सभामा पेश गर्नको लागि पारित गराउने ।
झ) अन्य पदाधिकारी एवम् सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा आवश्यक निर्देशन दिने ।
ञ) अभिलेख प्रमाणित गर्ने ।

**२. उपाध्यक्षको काम कर्तब्य र अधिकारः**

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सम्पूर्ण काम र प्रयोजन गरिएका कामहरु गर्ने ।
ख) अध्यक्षलाई सल्लाह र सहयोग गर्ने ।
ग) अध्यक्ष पद रिक्त भएको अवस्थामा अर्को ब्यवस्था नभएसम्मका लागि कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

**३. महासचिवको काम कर्तब्य र अधिकार**

क) साझेदार निकायसंग अध्यक्षको परामर्शमा समन्वय गर्ने ।
ख) अध्यक्षको परामर्शमा वार्षिक प्रतिवेदन कार्यक्रम तर्जुमा गर्ने ।
ङ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।
च) विधान बमोजिम जिम्मेवारी अध्यक्षको निर्देशनमा अन्य कार्य गर्ने ।
छ) संस्थाको दैनिक प्रशासनिक कार्य गर्ने ।
ज) सांगठनिक विभागको नेतृत्व गर्ने ।
झ) अध्यक्षको निर्देशनमा रही प्रशासनिक कार्य गर्ने ।
ञ) प्रकाशन र प्रशारणको समन्वय गर्ने ।

**४. सचिवको काम, कर्तव्य र अधिकार**

क) साझेदार निकायसंग अध्यक्षको परामर्शमा समन्वय गर्ने ।
ख) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।
ग) विधान बमोजिम जिम्मेवारी अध्यक्षको निर्देशनमा अन्य कार्य गर्ने ।
घ) महासचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने ।

**५.सहसचिवको काम, कर्तब्य र अधिकार**

क) साझेदार निकायसंग अध्यक्षको परामर्शमा समन्वय गर्ने ।
ख) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।



रामलाल पन्थी
प्रशासकीय अधिकृत

ग) विधान बमोजिम जिम्मेवारी अध्यक्षको निर्देशनमा अन्य कार्य गर्ने ।
घ) महासचिव, सहसचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने ।

**कोषाध्यक्षको काम, कर्तब्य र अधिकार**
क) संस्थाको आय ब्ययको फाँटवारी राख्ने र कोषको रेखदेख तथा सञ्चालन गर्ने ।
ख) साधारण सभामा वार्षिक बजेट एवम् कार्यक्रम तयार गरी बैठकमा पेश गर्ने ।
ग) प्रचलित प्रणाली अनुसार लेखा दुरुस्त राख्ने ।
घ) नियमित रुपमा वार्षिक लेखापरिक्षेण गराउने

**६ सदस्यको काम र कर्तब्य र अधिकार**
क) कार्यकारी समितिका अन्य पदाधिकारीहरुलाई सल्लाह एवम् सहयोग गर्दै कार्यकारी समितिका सामूहिक दायित्व बहन गर्ने ।
ख) समितिको बैठकमा सक्रिय सहभागीता जनाउने ।
ग) कार्यकारी समिति र अध्यक्षले सुम्पिएको जिम्मेवारी पूरा गर्ने गराउने ।
घ) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

**१८. गणपूरक संख्या**
क) कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन् ।
ख) तर विधानको दफा ११ को ५ मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन् ।

## परिच्छेद ६

**आर्थिक व्यवस्था**
**१९. संस्थाको कोष:**
१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन ।
क) सदस्यता बापद प्राप्त प्रवेश शु:ल्क र सदस्यता शुल्कको रकम ।
ख) सदस्यता नविकरण वापतको रकम ।
ग)पदाधिकारीद्वारा गरीएको मासिक बचत रकम ।
घ) कुनै व्यक्तिले स्वइच्छाले दिने अनुदान रकम ।
ङ) विदेशी संघसंस्थाबाट लिने भए समाज कल्याण ऐन २०४९ को दफा १६ बमोजिम समाज कल्याण परिषदको स्वीकृती लिनु पर्ने छ ।

च) स्थानीय तह प्रदेश र केन्द्र सरकारबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।
२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग वा अनुदान लिने भए संस्थाले समाजकल्याण परिषद् ऐन २०४९को दफा १६ बमोजिम पूर्व स्वीकृति लिनुपर्नेछ ।
३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

**२० .खाता सञ्चालन :**

संस्थाको अध्यक्ष , महासचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) संस्थाको वार्षिक बजेट, योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिने छ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

**२२. संस्थाको लेखा र लेखा परिक्षण:**

क) आय व्ययको लेखा प्रचलित ऐन कानुन बमोजिम राखिने छ ।

ख) लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परिक्षक नियुक्त गरिने छ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बेला पनि संस्थाको हिसाव किताब जाँच्न वा जचाउन सक्नेछ ।

घ). लेखा परिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ती कार्यसमितिबाट हुने छ ।

ङ). संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्यप्रगति विवरण १/१ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद् र सम्वन्धीत निकाय समक्ष पेश गरिनेछ ।

नुमलाल पन्थी
प्रशासकीय अधिकृत

## परिच्छेद७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था

**२३. निर्वाचन सम्बन्धि व्यवस्था :**

संस्थाको निर्वाचन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

क) कार्यकारी समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एकनिर्वाचन समिति गठन गरिनेछ ।

ख) निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै बनाई लागु गर्नेछ ।

ग) निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ) निर्वाचन सम्पम्न भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

ङ) निर्वाचन समितिमा रहेको ब्यक्ति कार्य समितिको उमेदवार बन्न पाउने छैनन् ।

**२४.उम्मेदवार हुने योग्यताः**

कार्यसमितिको उमेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) संस्थाको सदस्यता प्राप्त गरेको हुनुपर्नेछ,

ख) फौजदारी अभियोग नलागेको व्यक्ति हुनुपर्नेछ ।

ग) नेपाली नागरिक हुनुपर्नेछ ।

**२५. अविश्वासको प्रस्तावः**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको बिरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा लेखिएको हुनु पर्नेछ ।

ख) प्रस्तावको विषय स्पष्ट र ब्यवहारीक हुनु पर्नेछ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तिमा १/४ सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सहि भएको हुनु पर्नेछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकि संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईने छ ।

३. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रियाः

क) साधारण सभामा अध्यक्ष गर्ने ब्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।



नुमलाल पन्थी
प्रशासकीय अधिकृत

ग) उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु बिरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफू बिरुद्ध लागेको अभियोगको विषयमा सफाइ पेश गर्ने मौकाबाट बन्चित राखिने छैन ।

**४. अविश्वासको प्रस्ताव माथि निर्णयः**

क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष र विपक्षमा छ भन्ने निर्णयको देहाय बमोजिमको कुनै एक पद्दतीबाट अविश्वासको प्रस्तावको निर्णय घोषणा गर्नेछ ।

१. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याउने ।

क) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

ख) साधारण सभाको कुल सदस्य संख्या २/३ बहुमतले अविश्वासको प्रस्ताव पारीत हुने छ । त्यस्तो प्रस्ताव पारीत भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन ।

ग) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२६. विधान संशोधनः**

संस्थाको विधान संशोधन गर्न आवश्यक परेमा सो विषय कार्यकारी समितिले साधारण सभामा पेश गरी सो सभाका सम्पूर्ण सदस्यहरुको (२/३) बहुमतले पारित गरेमा सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति प्राप्त गरी संशोधित विधान लागु गरिनेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७ .विनियम बनाउन सक्नेः**

क) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ । सो नियम साधारण सभाबाट पारित गराई लागू हुने छ । स्थानीय अधिकारीलाई सो को जानकारी दिनुपर्ने छ ।

ख) यो विधान र प्रचलित कानुनको विपरित नहुने गरि कार्यकारी समितिले कार्य संचालन नियमित रुपमा गर्न आवस्यक देखेमा साधारण सभाबाट निर्णय गराएर कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई कार्यान्वयन गर्न सक्नेछ ।

नुमलाल पन्थी
प्रशासकीय अधिकृत

## २८. कर्मचारीको व्यवस्था

क. संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक,भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन एवं कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा समाजसेवी राख्ने व्यवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा कामको आचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, समाजकल्याण परिषद् र सम्बन्धीत निकायमा समेत जानकारी गराईनेछ ।

## २९. संस्थाको खारेजी

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरुको नियुक्त गर्न सक्नेछन ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखापरिक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिएको बमोजिम हुनेछ ।

४. यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३०. व्याख्या** : यो विधान र विधान अर्न्तगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकारी कार्य समितिलाई हुनेछ ।

## ३१. गोपनियता भंग गर्न नहुने

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कुनै कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुको बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन् ।

## ३२.ऐन अनुसार हुनेः

यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुनसँग बाझिन गएमा बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ । संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारमा असर पार्ने छैन र कानून विपरीत कार्य गर्नेछैन ।

नुमलाल पन्थी
प्रशासकीय अधिकृत

### ३३. निर्देशनको पालना :

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

### ३४. तदर्थ समिति :

१. संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसार निर्वाचन समितिको गठन गरि नयाँ कार्यसमितिको निर्वाचन गराउने छ। सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कार्वाहीमा यसै विधान सरह भएको मानिन्छ ।

३५. हामी पणिनी पत्रकार समाजका संस्थापक कार्यसमिति पदाधिकारी तथा सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

| क्र.सं | पद | नाम थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रकाश प्युठानी | पाणिनी गाउँपालिका ७ | |
| २ | उपाध्यक्ष | सुवास गौतम | पाणिनी गाउँपालिका २ | |
| ३ | महासचिव | भिमलाल बिश्वकर्मा | पाणिनी गाउँपालिका ५ | |
| ४ | सचिव | माधव पौडेल | पाणिनी गाउँपालिका १ | |
| ५ | सह-सचिव | कमला घिमिरे | पाणिनी गाउँपालिका ५ | Kamala |
| ६ | कोषाध्यक्ष | रुकमागत भट्टराई | पाणिनी गाउँपालिका ५ | |
| ७ | सदस्य | संगम भट्टराई | पाणिनी गाउँपालिका २ | |
| ८ | सदस्य | घनश्याम भट्टराई | पाणिनी गाउँपालिका ५ | |
| ९ | सदस्य | कमला परियार | पाणिनी गाउँपालिका ८ | |

सल्लाहाकार

| क्र.सं | नाम, थर | ठेगाना | दस्तखत: |
|---|---|---|---|
| १ | घनश्याम पौडेल | पाणिनी ६ | |
| २ | डिल्लीराज घिमिरे | पाणिनी ६ | |
| ३ | माधव बेल्बासे | पाणिनी ७ | |
| ४ | विष्णु भक्त पोख्रेल | पाणिनी - १ | |

नुमलाल पन्थी
प्रशासकीय अधिकृत

साक्षिको नाम, थर ठेगाना र दस्तखत:

| क्र.सं | नाम, थर | ठेगाना | दस्तखत: |
|---|---|---|---|
| १ | लक्ष्मी पोखेल प्युठानी | पाणिनी ७ | |
| २ | राजेन्द्र पौडेल | पाणिनी ७ | |
| ३ | गोमा पौडेल | पाणिनी ७ | |

अनुसूची-१

**संस्थाको छाप र चिन्हको विवरण**

विधानको परिच्छेदको १को दफा ३ संग सम्बन्धित गोलो घेराको भित्री भागमा रहने छ ।छाप चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै सस्थासंग मेल खाएमा तुरुन्त संशोधन गरिनेछ ।

**विधानको परिच्छेद ३ को बुँदा नं ६ संग सम्बन्धित**

**अनुसूची २**

**पाणिनी पत्रकार समाज**

**सदस्यता प्रमाण पत्र**

................प्रदेश.....................जिल्ला..................गाउँपालिका/नपा...........वडानं....
............................मा बस्नेश्री............................................लाई यस संस्थाको विधान दफा...........बमोजिम साधारण सदस्यताकोप्रमाण पत्र प्रदान गरिएको छ । यहाँले संस्थाको आदर्श अनुरुपकार्य गरी समाज सेवामार्फत यस संस्थाको हितमा प्रयत्नरत रहनुहुनेछ भन्नेअपेक्षा गरिएको छ ।

................ .................
महासचिव अध्यक्ष

नुमलाल पन्थी
प्रशासकीय अधिकृत